मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
कलैया, बारा

फोन नं.: ०५३-५५००१७
फ्याक्स नं.: ०५३-५५१२१७
वेबसाईट: https://bara.akc.gov.np
ईमेल: dado.bara@yahoo.com

## दुई बाली धान प्रवर्द्धन कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

### प्रथम पटक प्रकाशित मिति : २०८२/१०/२२

यस कृषि ज्ञान केन्द्र, बाराको चालु आ. व.२०८२/८३ को स्वीकृत कार्यक्रम अनुसार दुई बाली धान प्रवर्द्धन कार्यक्रम रहेको हुंदा सो कार्यक्रम सञ्चालन गर्न ईच्छुक लाभग्राहीहरु(कृषि जन्य उत्पादन तथा बजारीकरणमा क्रियाशील रुपमा लागेका कृषक, संयुक्त कृषक, कृषि सहकारी, कृषि फर्म, कृषि उद्योग तथा कृषि समुह)ले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र अर्थात (२०८२।११।०८ गते सम्म) परियोजना प्रस्ताव सहित तपसिल अनुसारको कागजातहरु सहित निवेदन पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

(१) निवेदन पत्र (आवेदन फारम) : तोकिएको ढाँचामा भरिएको निवेदन ।

(२) प्रस्तावः प्रस्तावित कार्यक्रमको उद्देश्य, कार्ययोजना, अनुमानित बजेट, अपेक्षित परिणाम लगायतका विवरणसहित।

(३) नागरिकताको प्रतिलिपिः निवेदकको प्रमाणित प्रतिलिपि ।

(४) स्थानीय तहको सिफारिस पत्र ( पालिका / वडा कार्यालयबाट)

(५) कृषि सहकारी, कृषि उद्योग र कृषि फर्मको हकमा कम्तीमा ३० विघा, कृषि समूहको हकमा कम्तीमा १५ विघा र कृषक/संयुक्त कृषकको हकमा कम्तीमा ३ विघा भूमि स्वामित्व प्रमाणपत्रको प्रतिलिपि वा कृषि योग्य जमिन भोगचलनको प्रमाण ।

(६) कृषक समूह / कृषि सहकारीको हकमा संस्था दर्ता, नविकरण भएको प्रमाण पत्र, स्थायी लेखा नम्वरको प्रमाण, र पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि तथा कार्यसमितिको निर्णय र अख्तियारी प्राप्त पअधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि स्वयं प्रमाणित गरी पेश गर्नुपर्नेछ।

(७) कृषि फर्म/ कृषि उद्योगको हकमा संस्था दर्ता, नविकरण भएको प्रमाण पत्र, स्थायी लेखा नम्वरको प्रमाण र पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

सञ्चालन हुने कार्यक्रमहरूः

(१) चैते तथा वर्षे धानको बीउ तथा सुक्ष्म पोषण तत्वमा अनुदान (वर्षे धानको लागी अनुसूची-१ बमोजिमका जातहरु)

(२) स्यालो ट्युबवेल/ विद्युतिय मोटर / सौर्य प्यानल निर्माण तथा जडान

(३) गोदाम घर, Threshing/ Drying floor, Drier

(४) कृषि विधुतिकरण

**नोट १ः संयुक्त कृषक भन्नाले यस कार्यक्रम अन्तर्गत समुह / सहकारीमा आवद्ध नभएका दुई वा दुई भन्दा बढी कृषकहरुलाई सम्झनु पर्दछ ।**

**नोट २ः राष्ट्रिय कृषि आधुनिकिकरण परियोजना, बाराद्वार यस बारा जिल्लामा संचालित धान जोन सञ्चालन भएको क्षेत्रहरुमा धान जोन कार्यक्रम अन्तर्गत सुचिकृत भई धान जोनको कार्यक्रम सञ्चालन गरेका कृषक/कृषि सहकारी/कृषि कम्पनी/कृषि फर्महरू तथा बारा जिल्लाको बारागढी गाउँपालिकामा चैते धान बालीमा कृषि उत्पादन (ब्लक) विकास कार्यक्रम सञ्चालन गरेका कृषक/कृषि सहकारी/कृषि कम्पनी/कृषि फर्महरूलाई प्रथामिकता दिइने छैन।**

राजनारायण प्र. साह
निमित प्रमुख

CamScanner